देवदह नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

केरवानी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

देवदह नगरपालिका नगर कार्यपालिकाको कार्यालय केरवानी, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७३

## सुरक्षा गार्ड सेवा करारमा लिने सम्बन्धी शिलबन्दी प्रस्ताव आव्हानको सूचना ।

**(प्रथम पटक प्रकाशित मितिः २०८१/३/३१)**

१. आ.व. ०८१/८२ को लागि देवदह नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाको सुरक्षा प्रयोजनार्थ देहाय बमोजिमको सेवा आवश्यक भई सेवा करारमा लिनुपर्ने भएकोले सो कार्यको लागि इजाजत प्राप्त योग्य तथा इच्छुक फर्म, संस्था वा कम्पनीहरुबाट रीतपूर्वकको सिलवन्दी प्रस्ताव आव्हान गरिएको छ ।

सुरक्षा गार्ड संख्याः देवदह नगर अस्पतालका लागि २ जना र सिक्टहन स्वास्थ्य चौकीका लागि १ जना गरी जम्मा ३ (तीन) जना ।

आवश्यक सेवा अवधि : २०८१/०५/०१ देखि २०८२ अषाढ मसान्तसम्म)

२. प्रस्ताव फारम तथा यस सम्बन्धी थप जानकारीको लागि यस कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

३. प्रस्तावदाताले फर्म वा कम्पनी वा संस्थाको दर्ताको अद्यावधिक प्रमाणपत्र, नवीकरण भएको इजाजतपत्र, सामाजिक सुरक्षा कोषमा दर्ता/सुचीकृत भएको पत्र, आ.व. ०७९/८० को कर चुक्ता प्रमाणपत्र, मु.अ.कर/स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र रु.१०००/- (एक हजार मात्र) दस्तुर सहित निवेदन पेश गरी प्रस्ताव खरिद गर्न सकिनेछ । प्रस्ताव सम्बन्धि फारम मिति २०८१/४/१४ गते कार्यालय समयसम्म यस कार्यालयको प्रशासन शाखाबाट उपलब्ध हुनेछ ।

४. इच्छुक प्रस्तावदाताले मिति २०८१/४/१५ गतेको दिउँसो १२:०० बजे भित्र देवदह नगरपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्न सकिनेछ । उक्त समयभन्दा पछि पेश भएको प्रस्तावलाई मान्यता दिइने छैन ।

५. प्रस्तावको मान्य हुने अवधि प्रस्ताव खोलेको मितिदेखि ४५ दिनको हुनेछ । प्रस्तावदाताले प्रस्तावको साथ प्रस्ताव जमानत रकम रु. ३८,०००/- एन.आई.सि. एशिया बैक लिमिटेड, खैरेनीमा रहेको ग-३ धरौटी खाता हि.नं. १५CA०५१२७६६५२४०१ मा जम्मा गरेको सक्कलै बैक भौचर वा सो बराबरको रकम प्रस्ताव बुझाउने अन्तिम मितिबाट कम्तिमा ७५ दिन मान्य हुने अवधि भएको नेपालको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कलै जमानत (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ ।

६. दर्ता वा पेश भएका प्रस्तावहरु मिति २०८१/४/१५ गते दिनको १३:०० वजे देवदह नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा प्रस्तावदाता वा निजको अख्तियार प्राप्त प्रतिनिधिको रोहवरमा खोलिनेछ । प्रस्तावदाता वा निजको प्रतिनिधि अनुपस्थित भएमा प्रस्ताव खोल्ने कार्यमा वाधा पर्ने छैन ।

७. प्रस्ताव खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु विदा लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

गंगाप्रसाद पन्थी
अधिकृतस्तर सातौं

८. प्रस्ताव पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने साथै प्रस्ताव रद्द गर्ने सम्पूर्ण अधिकार' यस कार्यालयमा सुरक्षित रहने छ ।

९. एक फर्मको नाममा खरिद गरिएको सिलबन्दी प्रस्ताव फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

१०. यस सूचनामा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

ख. लागत अनुमानको विवरण देहाय बमोजिम हुनेछ ।

| क्र.स. | कामको विवरण | सम्बन्धित कार्यालय | लागत अनुमान रु. (मू.अ.क. सहित) | प्रस्ताव जमानत रु. |
|---|---|---|---|---|
| १ | देवदह नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा सुरक्षा गर्ने कार्य | देवदह नगरपालिका नगर कार्यपालिकाको कार्यालय, केरवानी रुपन्देही | रु. ७,५८,८५१/५० | रु. ३८,०००/- |

...................
(गंगा प्रसाद पन्थी)
अधिकृतस्तर सातौं

गंगा प्रसाद पन्थी
अधिकृतस्तर सातौं